उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२९

पत्र सख्या:-०७८/०७९
चलानी नं:-

**५०% अनुदानमा कृषि यन्त्र उपकरण खरीद गरि वितरण गर्न साझेदारीको लागी प्रस्ताव आह्वान सम्वन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति:-२०७८/०६/११

उमाकुण्ड गाउँपालिकाको गाउँसभाबाट आ.व. ०७८/०७९ मा कार्यान्वयन गर्ने गरि स्वीकृत भएको कृषक गाउँपालिका साझेदारी कार्यक्रम अन्तरगत कृषि यन्त्रमा साझेदारी अनुदानबाट कृषि यन्त्र खरिद गरि वितरण गर्न उमाकुण्ड गाउँपालिकामा रहेको कृषक, कृषि उद्यमी, कृषी फार्म, कृषि कम्पनि, कृषि समुह तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले तीस दिन (२०७८/०७/१०) गते भित्र कार्यालय समयमा उमाकुण्ड गाउँपालिकाको कृषि विकास शाखामा देहाय बमोजिमको कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन अनुरोध गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

पेश गर्नुपर्ने कागजातहरु:

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन

२. नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, अघिल्लो आ.व.को अर्डिट रिपोर्ट

३. कार्यक्रमको प्रस्ताव पेश गर्ने र साझेदारी गर्ने भनि गरिएको निर्णयको प्रतिलिपि(समुह सहकारीको हकमा)

४. साझेदारले अनुदान प्रक्रियाको लागी जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र

५. अधिकार प्राप्त अधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

६. जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि

७. सम्वन्धित वडाको सिफारिस पत्र ।

थप जानकारीको लागी गाउँपालिकाको कृषि विकास शाखाको सम्पर्क नं. ९८४३२४३३६५ र ९८६०२०८१५३ मा सम्पर्क राख्न सकिनेछ, साथै आवेदन र फारामहरु गाउँपालिकाको वेवसाईड www.umakundamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

२०७८/०६/११

श्री दिपेन्द्र कुमार पैकरा
नि. प्रमुख प्रशासकीय अधिकृत

दिपेन्द्र कुमार पैकरा
निमित्त प्रमुख प्रशासकीय अधिकृत